# नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१

**प्रस्तावनाः** विद्युतीय माध्यमबाट सरकारी कार्य सञ्चालन तथा सेवा प्रवाह गर्न आवश्यक सूचना प्रविधि प्रणालीको संरचनामा एकरुपता कायम गर्न, मानकीकरण गर्न, त्यस्ता सूचना प्रविधि प्रणालीहरुको अन्तरसञ्चालन हुने व्यवस्था गर्न र तत्सम्बन्धमा अन्य आवश्यक व्यवस्था गर्न बान्छनीय भएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारवाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "सरकारी निकाय" भन्नाले संवैधानिक अंग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तरगतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ग) "विभाग" भन्नाले सूचना प्रविधि विभाग सम्झनुपर्छ ।

(घ) "केन्द्र" भन्नाले राष्ट्रिय सूचना प्रविधि केन्द्र सम्झनुपर्छ ।

(ङ) "सरकारी कार्य" भन्नाले सरकारी निकायले गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सो निकायले प्रवाह गर्ने सेवालाई समेत जनाउछ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिम गठित निर्देशक समिति सम्झनुपर्छ ।

(छ) "प्राविधिक समिति" भन्नाले दफा १० बमोजिम गठित प्राविधिक समिति सम्झनुपर्छ ।

(ज) "सूचना प्रविधि प्रणाली" भन्नाले सरकारी निकायको कार्य तथा सेवा प्रवाह विद्युतिय माध्यमबाट गर्न प्रयोग हुने सफ्टवेयर, हार्डवेयर, नेटवर्क वा अन्य सूचना प्रविधि सम्बन्धी संरचना वा विषयहरुको प्रणालीलाई सम्झनुपर्छ ।

(झ) "मानक" भन्नाले सरकारी निकायको कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि आवश्यक पर्ने सूचना प्रविधि प्रणालीहरुमा एकरुपता ल्याउन र त्यस्तो प्रणालीमा उपलब्ध सूचना तथा सेवामा कुनै सरकारी निकायको पहुँच हुने वा सो सूचना कुनै सरकारी निकायले प्रयोग गर्न सक्ने गरी तयार भएको नेपाल गभर्मेन्ट ईन्टरप्राइजेज आर्किटेक्चर एण्ड ईन्टर अपराविलिटी फ्रेमवर्क सम्झनुपर्छ ।

(ञ) "कागजात" भन्नाले सूचना प्रविधि प्रणालीको आवश्यकता स्पेशिफिकेशन कागजात (सिस्टम रिक्वायरमेन्ट स्पेशिफिकेशन डकुमेन्ट) तथा डिजाईन सम्बन्धी कागजातलाई सम्झनुपर्छ ।

३. **<u>सूचना प्रविधि प्रणालीमा एकरुपता हुनुपर्ने :</u>** १ सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधि प्रणालीहरुमा एकरुपता हुनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सरकारी निकायले प्रयोग गर्ने सूचना प्रविधि प्रणाली प्राविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मानक निर्धारण गर्दा अनुसूचीमा लेखिए बमोजिमका मार्गदर्शक सिद्दान्तहरुको अनुसरण गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मानक र अनुसूची बमोजिमका मार्गदर्शक सिद्दान्तहरुको प्रत्येक वर्ष पुनरावलोकन गरिनेछ ।

४. **<u>सूचना प्रविधि प्रणालीको मानकीकरण प्रकृया :</u>** (१) कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजातहरु तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सम्बन्धित केन्द्रीय निकाय मार्फत विभागमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको कागजातका सम्बन्धमा प्राविधिक समितिबाट आवश्यक जाँचबुझ गराउँदा सो कागजात मानक बमोजिम भएको पाईएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कागजातहरु मानक बमोजिम नभएको पाईएमा आवश्यक सुझाव सहित सम्बन्धित सरकारी निकायमा फिर्ता पठाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम फिर्ता गरिएको कागजात सम्बन्धित सरकारी निकायले पुनरावलोकन गरी पुनः प्रमाणीकरणको लागि विभागमा पेश गरेकोमा जाँचबुझ गर्दा उपयुक्त भएमा पन्ध्र दिनभित्र विभागले प्रमाणीकरण गर्नु पर्नेछ।

५. **<u>अन्तरसञ्चालन हुनुपर्ने :</u>** (१) सरकारी निकायको सूचना प्रविधि प्रणालीको डिजाईन, निर्माण र प्रयोग गर्दा त्यस्तो प्रणालीमा अभिलेखित सूचना तथा सेवामा अर्को सरकारी निकायको सूचना प्रविधि प्रणालीको पहुँच हुने गरी अन्तरसञ्चालन हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रविधि प्रणालीको सूचना तथा सेवामा पहुँच हुने र त्यस्तो सूचना वा सेवा प्रयोग गर्ने विधि र तरिका सम्बन्धित सरकारी निकायले तोके बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रविधि प्रणालीमा रहेको तथ्याङ्क अर्को सरकारी निकायले प्रयोग गर्नु पर्ने भएमा ती दुई सरकारी निकायबीच समझदारी पत्र गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समझदारी पत्रमा सम्बन्धित सार्वजनिक निकायको क्षेत्रगत तथा अन्य सान्दर्भिक कानूनका प्रावधानहरु, तथ्याङ्कको उत्पतिकर्ता, स्वामित्व,

गोपनियता तथा हुन सक्ने दुरुपयोग रोकथामका उपायहरु र अन्य सान्दर्भिक बिषयवस्तुहरु समावेश हुनु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको सुरक्षा तथा सामरिक विषय र आर्थिक गोपनियता सम्बन्धी सूचना प्रविधि प्रणाली अन्तर सञ्चालन नहुने व्यबस्था गर्न सकिनेछ ।

६. **राष्ट्रिय पोर्टल प्रयोग गर्नुपर्ने :** विद्युतीय माध्यमबाट प्रदान गरिने सरकारी सूचना तथा सेवाहरु नेपाल सरकारको राष्ट्रिय पोर्टल प्रयोग गरी प्रदान गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "राष्ट्रिय पोर्टल" भन्नाले नेपाल सरकारले तोके बमोजिमको राष्ट्रिय पोर्टल सम्झनु पर्छ ।

७. **निर्देशक समिति रहने :** सरकारी निकायको सूचना प्रविधि प्रणालीहरुको व्यवस्थापन तथा समन्वयको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | – अध्यक्ष |
| (ख) सह–सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (ग) सह–सचिव, सूचना तथा सञ्चार मन्त्रालय | – सदस्य |
| (घ) सह–सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | – सदस्य |
| (ङ) नियन्त्रक, प्रमाणीकरण नियन्त्रकको कार्यालय | – सदस्य |
| (च) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र | – सदस्य |
| (छ) महानिर्देशक, सूचना प्रविधि विभाग | –सदस्य –सचिव |

८. **निर्देशक समितिको बैठक :** (१) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले निर्धारण गरेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) निर्देशक समितिमा पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) निर्देशक समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) निर्देशक समितिको वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(८) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **निर्देशक समितिको काम तथा कर्तव्य :** यस निर्देशिकामा अन्यत्र लेखिएको काम तथा कर्तव्यको अतिरिक्त निर्देशक समितिको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :–

(क) विद्युतीय शासनको लागि आवश्यक सूचना प्रविधि प्रणालीहरुको प्रवर्द्धन गर्ने,

(ख) सूचना प्रविधि प्रणालीको मानक आवश्यकता अनुसार परिमार्जन गर्ने,

(ग) सरकारी निकायका सूचना प्रविधि प्रणालीहरु बीच अन्तर संचालन हुने प्रवन्ध मिलाउने,

(घ) विद्युतीय शासन संचालनको लागि अन्य आवश्यक काम गर्ने ।

१०. **प्राविधिक समिति रहने :** (१) सूचना प्रविधि प्रणाली सम्बन्धी कामका लागि निर्देशक समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ :-

| | |
|---|---|
| (क) महानिर्देशक, सूचना प्रविधि विभाग | – अध्यक्ष |
| (ख) प्रतिनिधि, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | – सदस्य |
| (ग) उप-निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र | – सदस्य |
| (घ) उप-नियन्त्रक, प्रमाणीकरण नियन्त्रकको कार्यालय | – सदस्य |
| (च) प्रतिनिधि, सम्बन्धित सरकारी निकाय | – सदस्य |
| (छ) विभागले तोकेको बिषयगत विज्ञ (एक जना) | – सदस्य |
| (ज) निर्देशक, सूचना प्रविधि विभाग | – सदस्य-सचिव । |

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको प्रतिनिधि उपस्थित हुन नसक्ने भएमा सम्बन्धित केन्द्रीय सरकारी निकायको प्रतिनिधि सदस्यको रुपमा रहनेछ।

(३) उपदफा (१) बमिजिमको समितिमा आवश्यकता अनुसार विभिन्न क्षेत्रगत विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

११. **प्राविधिक समितिको काम तथा कर्तव्य :** प्राविधिक समितिको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सूचना प्रविधि प्रणालीको मानक तथा मानकको सिद्धान्त, स्पेसिफिकेसन लगायतका प्राविधिक विषयहरु तयार गर्ने र त्यस्तो मानक, सिद्धान्त वा स्पेसिफिकेसन परिमार्जन गर्नुपर्ने भएमा सो तयार गर्ने,

(ख) सूचना प्रविधि प्रणाली सम्बन्धी कागजात जाचँबुझ तथा पुनरावलोकन गरी विभाग समक्ष सिफारिस गर्ने,

(ग) निर्देशक समितिले दिएको निर्देशन बमोजिम अन्य सूचना प्रविधि प्रणाली सम्बन्धी काम गर्ने ।

१२. **केन्द्रको काम तथा कर्तव्य :** केन्द्रको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) सरकारी निकायबाट मानक पालना गर्ने सम्बन्धमा प्राविधिक सहयोग माग भएमा त्यस्तो सहयोग प्रदान गर्ने,

(ख) प्राविधिक समितिलाई विषयगत विज्ञको रुपमा सहयोग पुर्‍याउने,

(ग) सरकारी निकायमा कार्यरत विषयगत जनशक्तिको प्राविधिक दक्षता अभिवृद्दि गर्ने,

(घ) निर्देशिका कार्यान्वयनका सम्बन्धमा सचेतनता कार्यक्रम सञ्चालन गर्ने ।

१३. **विवरण पठाउनुपर्ने :** मानक तथा सूचना प्रविधि प्रणाली सम्बन्धी आध्यावधिक विवरण विभागले नियमित रुपमा अभिलेख राखी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. **<u>सरकारी निकायले मानकको पालना गर्नुपर्ने :</u>** यस निर्देशिका बमोजिम सूचना प्रविधि प्रणालीको मानक पालना गर्ने दायित्व सम्बन्धित सरकारी निकायको हुनेछ ।

१५. **<u>सूचना प्रविधि प्रणालीहरुको वर्गीकरण गर्ने :</u>** (१) विभागले सरकारी निकायहरुमा हाल सञ्चालनमा रहेका वा सञ्चालन हुने तयारीमा रहेका सूचना प्रविधि प्रणालीहरुको अनुगमन तथा परीक्षण गरी देहाय बमोजिम वर्गीकरण गर्नेछ :-

(क) सारभुत रुपमा मानक अनुरुप भएका,

(ख) आंशिक रुपमा मानक अनुरुप भई अन्तर सञ्चालन हुन सक्ने,

(ग) मानक अनुरुप नभएका तथा अन्तर सञ्चालन हुन नसक्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सूचना प्रविधि प्रणालीहरु निर्देशक समितिले तोकेको समयभित्र सारभुत रुपमा मानक अनुरुप आध्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमका सूचना प्रविधि प्रणालीलाई यो निर्देशिका लागु भएको मितिले तीन वर्षभित्र सम्बन्धित सरकारी निकायले कम्तीमा अन्तर सञ्चालन हुन सक्ने बनाउनु पर्नेछ ।

१६. **<u>सार्वजनिक संस्थान तथा निजीक्षेत्रको सूचना प्रविधि प्रनाली मानक अनुरुप हुनुपर्ने :</u>** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सरकारी निकायको कामको लागि सार्वजनिक संस्थान तथा निजी क्षेत्रको संलग्नता वा आवद्धता हुने भएमा त्यस्तो सार्वजनिक संस्थान तथा निजी क्षेत्रले पनि निर्देशक समितिले न्यूनतम पालना गर्नुपर्ने भनी तोकेको मानकका प्रावधानहरु अनुरुपको सूचना प्रविधि प्रणालीको अनुसरण गर्नु पर्नेछ ।

१७. **<u>अनुगमन गर्ने :</u>** (१) कुनै सरकारी निकायले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणाली मानक बमोजिमको भए नभएको विभागले नियमित रुपमा अनुगमन गरी सो को प्रतिबेदन बार्षिक रुपमा निर्देशक समिति समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै सरकारी निकायको सूचना प्रविधि प्रणाली मानक बमोजिम नभएको पाईएमा त्यस्तो सूचना प्रविधि प्रणाली मानकीकृत गर्न अवधि तोकी विभागले निर्देशन दिन सक्नेछ ।

१८. **<u>सूचना प्रविधि प्रणालीको संपरीक्षण गर्नुपर्ने :</u>** सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको संपरीक्षण विभागले गर्नु पर्नेछ ।

१९. **<u>परामर्शदाता नियुक्त गर्नसक्ने :</u>** विभागले सरकारी निकायको सूचना प्रविधि प्रणालीको आवश्यक मानक तयार वा परिमार्जन गर्न प्रचलित कानून बमोजिम आवश्यक परामर्शदाता नियुक्त गर्न सक्नेछ ।

२०. **<u>सचिवालयको रुपमा काम गर्ने :</u>** निर्देशक समिति र प्राविधिक समितिको सचिवालयको काम विभागले गर्नेछ ।

२१. **<u>व्याख्या गर्ने अधिकार :</u>** यस निर्देशिकाको कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा अस्पष्टता भएमा निर्देशक समितिले आवश्यक व्याख्या गर्न सक्नेछ ।

## अनुसूची

## मानक निर्धारणका मार्गदर्शक सिद्दान्तहरु

क) सूचना प्रविधि प्रणालीहरुको निर्माण गर्दा नागरिकको आवश्यकता अनुसारका महत्वपूर्ण र संवेदनशील सेवाहरुको पहिचान गरी त्यस्ता सेवाहरु छिटो, छरितो, सुलभ, गुणस्तरीय तथा प्रभावकारी हुने गरी गरिनेछ ।

ख) एक निकायमा संचालनमा रहेको सूचना प्रविधि प्रणालीको सेवा अर्को निकायको समान खालका सूचना प्रविधि प्रणालीले समेत उपयोग गर्न सकिनेगरी निर्माण गरिनेछ ।

ग) सूचना प्रविधि प्रणालीहरुमा रहेका सूचना तथा तथ्याङ्कहरु राष्ट्रिय सम्पत्तिको रूपमा रहने र त्यस्ता सूचना तथा तथ्याङ्कहरु सम्बन्धित सरकारी निकायको स्वामित्व तथा नियन्त्रणमा रहने ब्यबस्था गरिनेछ ।

घ) सरकारी निकायका सूचनाहरु केन्द्रिकृत, नियन्त्रित र उपयुक्त संगठनात्मक स्तरमा व्यवस्थित गरी अन्य सरकारी निकायहरुलाई समेत आवश्यकता अनुसार साझा रुपमा उपलब्ध गराउन सकिने र आफु संग सम्बन्धित कार्य गर्न आवश्यक पर्ने सुचानाहरुमा मात्र प्रयोगकर्ताको पहुँच हुने ब्यबस्था गरिनेछ ।

ङ) सूचना प्रविधि प्रणालीहरुको जोखिम विश्लेषण र जोखिम व्यवस्थापन क्षमताको आधारमा उचित सुरक्षा नियन्त्रणका उपायहरु कार्यान्वयन गरिने र व्यावहारिक कठिनाई तथा सुरक्षा अपवाद (Security Exception) कम गर्न सहयोग पुग्नेगरी सुरक्षा नियन्त्रणका उपायहरु यथासम्भव सम्पूर्ण सरकारी निकायहरुमा समान रुपमा लागु गर्न सकिने खालको हुनेछन् ।

च) कुनै व्यक्तिगत, व्यवसायिक वा सरकारी सूचनाहरुको गोपनियता (Privacy and Confidentiality) कुनैपनि तवरले भंग नहुने गरी सूचना प्रविधि प्रणालीको निर्माण गरिनेछ ।

छ) सबै प्रयोगकर्ताहरुले सजिलै बुझ्न सक्ने, सबैलाई उपलब्ध गराउन सकिने र अन्तरसञ्चालन (interoperability) सुनिश्चित गर्ने गरी सूचना र सुचनाको सूचकको मानकलाई परिभाषित गरिनेछ ।

ज) सूचना प्रविधि प्रणालीहरु Service Oriented Architecture (SOA) मा आधारीत रहि स्थापित खुला मानक (Open Standard) अनुरूप तथा स्पष्ट परिभाषित भूमिका र जिम्मेवारीको आधारमा अन्तरआवद्दता र अन्तरसञ्चालन (Interoperability) सुनिश्चित हुने गरी विकास गरिनेछ ।

झ) विद्युतिय सेवा र यसको अन्तरनिहित तहहरु बीच यथासम्भव थोरै अन्तरसम्बन्ध हुनेगरी सरकारी सेवा प्रभावको साझा मार्गको रुपमा Enterprise Service Bus (ESB) रहनेछ ।

ञ) नेपाल सरकारका हरेक सूचना प्रविधि प्रणालीमा Enterprise Service Bus (ESB) को माध्यमबाट साझा प्रयोगकर्ता प्रमाणीकरण रूपरेखा (Common User Authentication Framework) कार्यान्वयन गर्न मिल्ने बनाईनेछ ।

ट) सूचना प्रविधि प्रणालीहरूमा प्रयोग गरिने संरचना (हार्डवेयर, नेटवर्क , सफ्टवेयर आदि) को क्षमता आवश्यकता अनुसार थपघट गर्न सकिने (Scalable) हुनेछ |

ठ) सूचना प्रविधि प्रणालीमा रहेका सूचनाहरुको अभिलेखीकरण (Archiving) र जगेडा (Backup) आवश्यकता सम्बोधन गरि दिर्घकालिन रुपमा सुरक्षित रहने गरिने व्यवस्था गरिनेछ ।